# जातिवाद-विरोधी नीति

## अभिभावक तथा हेरचाहकर्ताहरुका लागि सुचना

जातिवादले विद्यार्थीको हित, विद्यालयमा सहभागिता र अध्ययनका नतिजाहरूमा असर गर्दछ। NSW का सार्वजनिक विद्यालयहरूमा जातिवाद तथा जातिवादपूर्ण व्यवहारहरू सहन गरिने छैन।

### यो नीति केको बारेमा छ?

Anti-Racism Policy (जातिवाद-विरोधी नीति) ले विद्यालय वातावरणमा सम्मान र सामञ्जस्यतालाई बढावा दिन्छ। यसको उद्देश्य सबै विद्यार्थीहरूले उनीहरूको संस्कृति, भाषा वा धार्मिक पृष्ठभूमिका बावजूद निष्पक्ष शैक्षिक अवसरहरू प्राप्त गरून् भन्ने निश्चित गर्नु हो। यस नीतिले:

- जातिवादले एबोरिजिनल व्यक्तिहरूमा पारेको असरको पहिचान गर्दछ,
- विद्यालयहरूले सबै विद्यार्थीहरूबाट उच्च अभिलाषा राख्न सकून् र कुनै एक समूहका विद्यार्थीहरू आफ्नो सांस्कृतिक, धार्मिक वा भाषिक पृष्ठभूमिको कारण आफ्नो पूर्ण क्षमतामा पुग्नबाट नरोकिउन भन्ने सुनिश्चित गर्दछ,
- विद्यालय समुदायका सबै सदस्यहरूलाई आफ्नो व्यवहारको बारेमा सोच्न र उनीहरूको कार्यले अन्य व्यक्तिहरूलाई जातिवादको सामना गर्न नपरोस् भन्ने निश्चित गर्न लगाउने छ,
- सबै कर्मचारीहरूलाई प्रशिक्षण पूरा गर्न लगाउने छ ता कि उनीहरूले जातिवादलाई रोक्ने आफ्नो जिम्मेवारीहरूलाई बुझ्नेछन्,
- प्रत्येक विद्यालयमा तालिम प्राप्त एक जना जातिवाद-विरोधी सम्पर्क अधिकारी हुनु पर्ने निश्चित गराउने छ।

### जातिवाद-विरोधी सम्पर्क अधिकृत भनेको के हो?

जातिवाद-विरोधी सम्पर्क अधिकारी (Anti-Racism Contact Officer (ARCO)) प्रिन्सिपलद्वारा मनोनित शिक्षक हुन् जसले विद्यालयमा जातिवाद-विरोधी शिक्षाको नेतृत्व गर्न सहयोग गर्दछन्। ARCO ले निम्न कुराहरू मार्फत प्रिन्सिपललाई सहयोग गर्दछन्:

- जातिवादले विद्यार्थीहरूको अध्ययन र हकहितमाथि पार्ने प्रभावका बारे कर्मचारीहरूको बुझाईलाई अभिवृद्धि गर्न सहयोग गरेर,
- जातिवादका घटनाहरू देख्दा वा सुन्दा कसरी प्रतिक्रिया गर्ने भन्नेबारे विद्यार्थी तथा कर्मचारीहरूलाई सल्लाह दिएर,
- जातिवादको समाधानका लागि विद्यालयले कस्ता रणनीतिहरू लागू गर्न सक्छ भन्ने विषयमा सल्लाह दिएर।

ARCO लाई अभिभावक तथा हेरचाहकर्ताहरू र शिक्षक तथा विद्यार्थीहरूलाई जातिवादसँग सम्बन्धित complaints (उजुरीहरू) को समाधान गर्ने प्रक्रियाबारे सल्लाह दिन प्रशिक्षण दिइएको हुन्छ। अनुरोध गरिएको खण्डमा, ARCO ले उजुरी समाधान प्रक्रियाको दौरान support person or advocate (सहयोगी व्यक्ति वा अधिवक्ता) को रूपमा पनि कार्य गर्न सक्दछन्।

### मेरो बच्चाले विद्यालयमा जातिवादको अनुभव गरिरहेको भए मैले के गर्नुपर्छ?

यदि तपाईंको बच्चाले विद्यालयमा जातिवादको अनुभाव गरिरहेको छ भने, तपाईंले उनीहरूलाई शिक्षक वा विद्यालयको जातिवाद-विरोधी सम्पर्क अधिकारी समक्ष त्यसको रिपोर्ट गर्न प्रोत्साहित गर्नुपर्दछ वा तपाईंले आफ्नो बच्चाको पक्षमा रिपोर्ट गर्न सक्नुहुन्छ।

## मैले कसरी विद्यालयमा जातिवादकाबारे उजुरी गर्न सक्छु?

विद्यालय समुदायका कुनै पनि सदस्यले, अभिभावक तथा हेरचाहकर्ता र कर्मचारी तथा विद्यार्थी समेतले, जातिवादसँग सम्बन्धित make a complaint (उजुरी) हाल्न सक्छन् । जातिवादका उजुरीहरू प्रिन्सिपल, जातिवाद-विरोधी सम्पर्क अधिकारी वा कुनै पनि कर्मचारी समक्ष रिपोर्ट गर्न सकिन्छ। School Community and Consumer Complaint Procedure (विद्यालय समुदाय तथा उपभोक्ता गुनासो कार्यविधि) मा व्याख्या गरिए अनुसार जातिवादकामाथिका उजुरीहरूको व्यवस्थापन गरिने छ।

## अनलाइन जातिवाद को बारेमा नि?

अनलाइनमा हुने विद्यालयसँग-सम्बन्धित जातिवाद, जस्तै विद्यार्थीहरूले व्यक्तिगत विद्यार्थी वा सांस्कृतिक समूहप्रति लक्षित गर्ने जातिय भेदभाव, माथिको उल्लेख गरिए अनुसार विद्यालयलाई रिपोर्ट गर्नुपर्दछ। अनलाइन कसरी सुरक्षित रहने भन्ने बारेमा सुझावको लागि, eSafety Commissioner website (ईसेफ्टि आयुक्तको वेबसाईट) मा गएर Online safety (अनलाइन सुरक्षा ) हेर्नुहोस्।

## मैले थप जानकारी कहाँ प्राप्त गर्न सक्छु?

थप जानकारीको लागि Anti-racism education (जातिवाद-विरोधी शिक्षा) हेर्नुहोस्।

## दोभाषे सहायता

यदि तपाईंलाई थप जानकारी चाहिएको छ र तपाईंलाई विद्यालय वा प्रिन्सिपलसँग सम्पर्क गर्न मद्दत गर्न दोभाषेको आवश्यकता छ भने कृपया टेलिफोन इन्टरप्रेटर सेवा लाई 131 450 मा फोन गर्नुहोस् र तपाईंको भाषाको दोभाषे माग्नुहोस्।

सो अपरेटरलाई विद्यालयको फोन नम्बर दिनुहोस् र अपरेटरले विद्यालयलाई फोन गर्ने छन् र तपाईंलाई कुराकानी गर्न मद्दत गर्न एक जना दोभाषेलाई त्यही फोन लाइनमा जोड्ने छन्।

यदि तपाईंलाई विद्यालयको कर्मचारीसँग मिटिङ्ग गर्दा दोभाषे चाहिएमा, त्यसको व्यवस्थापनकालागि विद्यालयलाई आग्रह गर्नुहोस्। विद्यालयले उपलब्धताको आधारमा त्यहीं, अनलाइन वा टेलिफोन दोभाषेको व्यवस्था गर्नेछ। दोभाषे सेवाको लागि तपाईंसँग कुनै शुल्क लिइने छैन ।